Date / /

Page No.

निर्णयहरु

१. सुदूरपश्चिम प्रदेशका निमित्त प्रमुख सचिवको अध्यक्षतामा यस प्रदेशका सबै मन्त्रालयका सचिवज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, प्रदेश राजधानी स्थित सम्पूर्ण कार्यालयका कार्यालयका प्रमुखहरु तथा ट्रेड युनियनका पदाधिकारी समेत रहने गरी प्रदेशस्तरीय समारोह समिति गठन गर्ने ।

२. निजामती सेवा दिवस, २०७६ कार्यक्रममा प्रमुख अतिथिको लागि माननीय मुख्यमन्त्री ज्यूलाई अनुरोध गर्ने ।

३. हरेक मन्त्रालय, तथा कार्यालयले आफ्नो कार्यालयका कर्मचारीहरुलाई लो-किरतो पोसाकमा अनिवार्य उपस्थित हुन जानकारी गराउने ।

४. मिति २०७६।५।२२ गते बिहान ७ बजे सबै कर्मचारीहरु शालिक चौराहमा भेला भई र्‍याली सहित निर्माण व्यवसायी संघको हलमा कार्यक्रम गर्ने ।

५. प्रत्येक कार्यालयबाट निजामती सेवा दिवसको २०७६ को नारा "सक्षम निजामती प्रशासन, विकास समृद्धि र सुशासन" लेखेको कम्तीमा ५ वटा प्ले कार्डको व्यवस्था गर्ने

६. जलपान, ब्यानर, पुष्पगुच्छा र खादाको व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने ।

७. कार्यक्रममा हाजिर गर्ने व्यवस्था गर्ने ।

८. कार्यक्रम हलको व्यवस्थापन आन्तरिक राजस्व कार्यालय, धनगढीले गर्ने ।

९. कार्यक्रम सञ्चालनको जिम्मा जिल्ला प्रशासन कार्यालय, कैलालीलाई दिने ।

१०. मिति २०७६।५।२० गते सबै कार्यालयले आ-आफ्नो कार्यालय परिसर सरसफाई कार्यक्रम गर्ने ।

११. ब्याडमिन्टन खेलको लागि निम्न व्यक्तिको समिति गठन गर्ने,

चन्द्र प्रसाद ओली, अधिकृत छैठौं — संयोजक

धर्मराज ओला — सदस्य

अमर बहादुर पाल — सदस्य

१२. पुरस्कार र प्रमाणपत्रको व्यवस्था मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने । प्रथम पुरस्कार रु १०,०००, द्वितीय पुरस्कार रु. ७,००० र तृतीय पुरस्कार रु ५,०००।- राख्ने ।